25th of May

National News

<u>मुख्य समाचार</u>

- ‘मन की बात’ कार्यक्रममा प्रधानमन्त्रीले गर्नुभयो सिक्किमका युवाको Crafted Fibers को प्रशंसा,
- नयाँ दिल्लीमा एनडीए शासित राज्यहरूको सम्मेलन सम्पन्न
- अमेरिका पुगेको भारतीय टोलीले दियो आतंकवादविरुद्ध भारतको कडा सन्देश
- भारत विश्वको चौथो ठूलो अर्थतन्त्रको रुपमा स्थापित भएको श्री सुब्रमन्यमको दावी

<u>‘मन की बात’ कार्यक्रममा प्रधानमन्त्रीले गर्नुभयो सिक्किमका युवाको Crafted Fibers को प्रशंसा,</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भन्नुभएको छ कि 'अपरेशन सिन्दूर'ले विश्वभर आतंकवादविरुद्धको लडाइँमा नयाँ उत्साह थपेको छ। आकाशवाणीमार्फत प्रसारित 'मन की बात' कार्यक्रमको 122 संस्करण मार्फत राष्ट्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले अपरेशन सिन्दूरको क्रममा भारतीय सुरक्षाकर्मीहरूको साहसको प्रशंसा गर्नुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीले कार्यक्रममा सिक्किमका उद्यमी डा छेवाङ नर्बु भोटियाद्वारा सञ्चालित सामाजिक उद्यम Crafted Fibers को उल्लेखनीय प्रशंसा गर्नुभयो। उहाले यसलाई सिक्किमको परम्परा, सीप, आधुनिक फेसन चेतना र आत्मनिर्भरताको समन्वयबाट विकसित सफल उदाहरणको रूपमा प्रस्तुत गर्नुभएको छ। कार्यक्रमका क्रममा प्रधानमन्त्रीले केही दिनअघि सम्पन्न Rising North East Summit र त्यसअघि आयोजित ‘अष्टलक्ष्मी महोत्सव’को अनुभव साझा गर्दै पूर्वोत्तर भारतको क्षमताको खुलेर प्रशंसा गर्नुभयो। यसै क्रममा उहाले सिक्किमका डा भोटियाद्वारा सुरु गरिएको Crafted Fibers लाई उल्लेख गर्दै यसले परम्परागत शील्प र बुनाइलाई आधुनिक सोचसँग जोडेर सामाजिक रूपान्तरणको माध्यम बनेको बताउनुभयो। उहाले थप भन्नुभयो । पेसाले पशु चिकित्सक रहेका डा. भोटियाले सिक्किमको मौलिक बुनाइ परम्परालाई संरक्षण गर्दै यसलाई आधुनिक फेसनसँग जोडेर Crafted Fibers को सुरुआत गर्नुभएको हो। प्रधानमन्त्रीले उल्लेख गरेअनुसार, यो परियोजनामार्फत गाउँका बुनकर, पशुपालक, महिला समूह र स्वयं-सहायता समूहहरूलाई सीपमूलक तालिम दिने गरिएको छ, जसले उनीहरूलाई आर्थिक रूपमा

आत्मनिर्भर बन्न सहयोग पुऱ्याएको छ। उक्त उद्यम अन्तर्गत उत्पादन हुने मजेत्रो, स्टोल, पञ्जा, मोजालगायतका सामग्री सम्पूर्ण रूपमा स्थानीय ह्याण्डलुम प्रविधिबाट तयार गरिन्छन्। प्रयोग हुने ऊन सिक्किममै पालन गरिएका भेडा र खरायोबाट सङ्कलन गरिन्छ भने रङहरू पनि प्राकृतिक स्रोतबाट तयार पारिन्छन्, जसमा कुनै रासायनिक पदार्थको प्रयोग हुँदैन। प्रधानमन्त्रीले डा. भोटियाको कार्यप्रति प्रशंसा व्यक्त गर्दै यो सिक्किमको सांस्कृतिक सम्पदा र हस्तकला जगतलाई नयाँ उचाइ प्रदान गर्ने किसिमको पहल भएको बताउनुभयो। उहाले परम्परा र नवप्रवर्तनको समुचित संयोजनबाट सामाजिक उद्यमद्वारा कसरी रोजगारी सिर्जना गर्न सकिन्छ भन्ने प्रेरणादायी उदाहरणका रूपमा Crafted Fibers को चर्चा गर्नुभयो भयो।

<u>नयाँ दिल्लीमा एनडीए शासित राज्यहरूको सम्मेलन सम्पन्न</u>

एनडीए शासित राज्यका मुख्यमन्त्रीहरू र उपमुख्यमन्त्रीहरूको एक दिवसीय सम्मेलन आज नयाँ दिल्लीमा सम्पन्न भयो। उक्त बैठकको अध्यक्षता प्रधानमन्त्री नरेन्द्र मोदीले गर्नुभयो।सुशासनसम्बन्धी विषयमा आयोजित विचार-विमर्श सत्रमा भारतीय जनता पार्टी (भाजपा) का अध्यक्ष जे.पी. नड्डा, गृहमन्त्री अमित शाह र रक्षामन्त्री राजनाथ सिंहले सहभागिता जनाउनु भएको थियो।

सम्मेलनमा एनडीए शासित राज्यहरूका 20 जना मुख्यमन्त्री र 18-जना उपमुख्यमन्त्रीहरूले भाग लिँदै सुशासनलाई प्रभावकारी बनाउनका लागि अपनाइएका उपायहरूबारे छलफल गरेका थिए। बैठकमा दुईवटा प्रस्ताव पारित गरियो। पहिलो प्रस्तावमा 'अपरेशन सिन्दूर'को सफलताको लागि भारतीय सुरक्षाबलहरू र प्रधानमन्त्री नरेन्द्र मोदीलाई बधाई दिइयो। दोस्रो प्रस्तावमा आगामी जनगणनाका सन्दर्भमा भारत सरकारको निर्णयको प्रशंसा गरियो।

सम्मेलनका क्रममा सहभागी नेताहरूले एनडीए शासित राज्य सरकारहरूले अपनाएका उत्कृष्ट अभ्यासबारे अनुभव साटे। विभिन्न मुख्यमन्त्रीहरूले आफ्ना राज्यहरूमा चालिएका पहलहरूको प्रस्तुति पनि दिएका थिए। बैठकमा केन्द्रमा रहेको एनडीए सरकारको पहिलो वर्षगाँठ, अन्तर्राष्ट्रिय योग दिवसको दसौं वार्षिकोत्सव, र आपतकाल लागू भएको 50 वर्ष पूरा हुने सन्दर्भमा 'लोकतन्त्र हत्या दिवस' जस्ता आगामी कार्यक्रमहरूमाथि पनि विचार–विमर्श गरिएको थियो।

अमेरिका पुगेको भारतीय टोलीले दियो आतंकवादविरुद्ध भारतको कडा सन्देश

पाकिस्तानमा भएको आतंकी हमला पश्चात भारतले चालेको कूटनीतिक कदमबारे जानकारी दिन कांग्रेस सांसद शशि थरूरको नेतृत्वमा अमेरिका पुगेको सर्वदलीय प्रतिनिधिमण्डलले महत्त्वपूर्ण प्रतिक्रिया दिएको छ। न्यूयोर्कस्थित भारतीय वाणिज्य दूतावासमा भएको छलफलमा श्री थरूरले भारतले पहलगाम आतंकी हमलापछि पाकिस्तानभित्र रहेका आतंकी अड्डा, मुख्यालय र लन्चप्याडहरूमा सटीक र सन्तुलित कारबाही गरेको उल्लेख गर्नुभयो।

श्री थरूरले भन्नुभयो, byteee…पहलगाम हमलापछि सुरु गरिएको 'अप्रेशन सिन्दूर' सम्बन्धी अन्तर्राष्ट्रिय समर्थन जुटाउन यो सर्वदलीय टोली विभिन्न मुलुकहरूको भ्रमणमा निस्किएको हो।

भारत विश्वको चौथो ठूलो अर्थतन्त्रको रुपमा स्थापित भएको श्री सुब्रमन्यमको दावी

नीति आयोगका प्रमुख कार्यकारी अधिकारी बी.भी.आर. सुब्रह्मण्यमले भारतले जापानलाई पछि पार्दै विश्वकै चौथो ठूलो अर्थतन्त्रको रूपमा स्थान बनाएको बताउनु भएको छ। दिल्लीमा सम्पन्न नीति आयोगको 10औँ गभर्निङ काउन्सिल बैठकपछिको पत्रकार सम्मेलनमा बोल्दै डा. सुब्रह्मण्यमले अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) का पछिल्ला तथ्यांकअनुसार भारत अहिले जापानभन्दा ठूलो अर्थतन्त्र भएको देश रहेको  जानकारी दिनुभयो। उहाका अनुसार भारतको कुल अर्थतन्त्रको आकार चार ट्रिलियन अमेरिकी डलर पुगेको छ। साथै उहाले विश्वास व्यक्त गर्दै भन्नुभयो की“अबको दुईदेखि तीन वर्षभित्र भारत विश्वकै तेस्रो ठूलो अर्थतन्त्र बन्नेछ।”

RJD-का पूर्व मन्त्री तेज प्रताप यादवलाई अनुचित गतिविधि र गैर-जिम्मेवार व्यवहारका कारण पार्टीबाट 6 वर्षका लागि निष्कासित गर्यो

राष्ट्रिय जनता दल (RJD) का अध्यक्ष लालु प्रसाद यादवले आज आफ्ना जेठा छोरा तथा पूर्व मन्त्री तेज प्रताप यादवलाई अनुचित गतिविधि र गैर-जिम्मेवार व्यवहारका कारण पार्टीबाट 6 वर्षका लागि निष्कासित गर्नुभएको छ। लालु प्रसादले यो जानकारी सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्नुभएको हो। यसअघि तेज प्रताप यादव र एक महिला मित्रसम्बन्धी पोस्टहरू सामाजिक सञ्जालमा भाइरल भएपछि विवाद उत्पन्न भएको थियो।

## आज भारतको निर्वाचन आयोगले गुजरात

आज भारतको निर्वाचन आयोगले गुजरात, केरल, पञ्जाब र पश्चिम बङ्गालका पाँच विधानसभा क्षेत्रहरूमा उपनिर्वाचनको घोषणा गरेको छ। उपनिर्वाचनको सूचना भोलिदेखि जारी हुनेछ र उम्मेदवारी दर्ता जुन महिनाको 2 तारिखसम्म गर्न सकिनेछ। उम्मेदवारीको छानबिन 3 जुनमा हुनेछ भने नाम फिर्ता गर्न सक्ने अन्तिम मिति 5 जुन तोकिएको छ। मतदान 21 जुनमा र मतगणना 23 जुनमा हुनेछ। गुजरातको कडी र विसावदर, केरलको नीलम्बुर, पञ्जाबको लुधियाना वेस्ट, र पश्चिम बङ्गालको कालिगञ्ज क्षेत्रमा उपनिर्वाचन हुनेछ। यी क्षेत्रहरूमा हालका विधायकको निधन वा राजीनामाका कारण सिट खाली भएका हुन्।

## Filler

हिमाचल प्रदेशको कुल्लु जिल्लाको निरमण्ड क्षेत्रअन्तर्गत जगातखानामा हिजो साँझ बादल फाट्दा आएको बाढीले 12-वटा भन्दा बढी गाडी क्षतिलाई पुगेको छ। केही घरमा पानी पसेको र स्याउ बगैँचामा समेत असर पुगेको छ। प्रशासनले स्थानीय तथा पर्यटकहरूलाई नदी–नालाबाट टाढा रहन आग्रह गरेको छ।